# नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन, २०७६ को दोस्रो दिनको कार्यक्रम सम्बन्धी प्रेस विज्ञप्ती

**"व्यावसायिक चरित्र, पारदर्शी व्यवहार, निष्पक्ष अनुसन्धान र अभियोजन, न्यायको आधार"** भन्ने मूल नाराका साथ आयोजना गरिएको नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनको दोस्रो दिन अत्यन्तै उत्साहपूर्ण वातावरणमा सम्मेलनका सत्रहरु सञ्चालन भए । फौजदारी कानूनको कार्यान्वयनका लागि साझा धारणा विकास गर्न आयोजना गरिएको यो सम्मेलनका सहभागीहरु सक्रीय रुपमा छलफलमा सहभागिता भएको देखियो । एकआपसका समस्याहरुमा खुलेर छलफल गरी समाधानका उपायहरु पहिल्याउन र आफूले प्रारम्भ गरेका नयाँ अभ्यासहरुलाई समूहगत रुपमा प्रस्तुत गरी सकारात्मकता विस्तार गर्दै सम्मेलनले अनुसन्धानकर्ता र अभियोजनकर्ता बीचको सम्बन्धलाई प्रगाढ बनाउन र सहकार्यलाई थप सुदृढ तुल्याउन सहयोग पुर्‍याउने विश्वास गरिएको छ ।

सहभागिहरुलाई विभिन्न ६ वटा समूहमा विभाजन गरी देहायका विषयहरुमा आ-आफूलाई परेका समस्या र अफठ्यारोका विषयमा खुलेर छलफल भयो ।

१. मुलुकी अपराध संहिताको कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू,
२. सरकारवादी मुद्दाको प्रभावकारिताका लागि महान्यायाधिवक्ताको कार्यालयबाट गरिएका प्रयासहरू र अनुसन्धानकर्ता एवम् अभियोजनकर्तासंग राखिएका अपेक्षाहरू
३. मुलुकी फौजदारी कार्यविधि संहिताको कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू
४. सरकारवादी फौजदारी मुद्दामा अदालतले अनुसन्धान र अभीयोजनका सम्बन्धमा गरेको टिप्पणी ,निर्देशन र सुधारका लागि अपनाउनु पर्ने उपायहरू
५. अपराध अनुसन्धान तथा नियन्त्रण कार्ययोजना CAP कार्यान्वयनको अवस्था र सुधारका प्राथमिकताहरू
६. अपराध अनुसन्धानमा मेडिको लिगल र विधि बिज्ञानको भूमिका र सुधारका क्षेत्रहरू
७. अपराध पीडित संरक्षण ऐनको कार्यान्वयनमा अनुसन्धानकर्ता र अभियोजनकर्ताको जिम्मेवारी एवम् र
कार्यसम्पादनमा सुधारका लागि अपनाउनु पर्ने उपायहरू
८. फौजदारी न्याय प्रशासनको प्रभावकारिताको लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताका बिचको समन्वय र सहकार्य

९. गोपनियताको अधिकार र अपराध अनुसन्धा न (प्रमाण संकलनमा प्रविधिको प्रयोग र अभिलेखमा पहुँच समेत)

१०. अपराध अनुसन्धानमा अन्तरदेशीय समन्वय

११. वन तथा वन्यजन्तु सम्बन्धी अपराधको नियन्त्रणमा गर्नु पर्ने सुधार

महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयका उच्च अधिकारीहरुद्धारा प्रस्तुत गरिएका कार्यपत्रहरु उपर विभिन्न उच्च पदस्थ अधिकारी र बरिष्ठ अधिवक्ताज्यूहरुबाट टिप्पणी गरिएको थियो भने सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरु, उच्च अदालतका माननीय न्यायाधीशज्यूहरु, पूर्व महान्यायाधिवक्ताज्यूहरु, पूर्व प्रहरी महानिरिक्षकज्यूहरु र बरिष्ठ अधिवक्ताज्यू लगायतका व्यक्तित्वहरुद्धारा अध्यक्षता ग्रहण गरिएको थियो ।

अपराध अनुसन्धान र अभियोजन एक अर्काका परिपूरक विषय हुन् । तर यी विषय आफैमा स्वायत्त पनि हुन् । कुनै पनि रुपमा कार्य सम्पादनमा स्वायत्तताको विषय नियन्त्रण वा हस्तक्षेपको विषय हुँदैन भन्नेमा महान्यायाधिवक्ताको कार्यालय स्पष्ट रहेको छ । स्वायत्ततासँग उत्तरदायित्व पनि जोडिएर आँउछ भन्ने बारेमा पनि हामी सबै स्पष्ट हुन आवश्यक छ  तसर्थ संविधान र कानूनले निर्धारण गरेको सीमा र परिधिभित्र रही असल अभ्यासको विकास गर्न र मुलुकमा कानून र व्यवस्था कायम गर्ने साझा लक्ष्यमा पुग्नका लागि सहअस्तित्वको मान्यतासहित सहकार्यमा अगाडि बढ्न  यसखाले छलफलले सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा राखिएको छ ।

**प्रवक्ता**

संजिवराज रेग्मी

सहन्यायाधिवक्ता